मस्यौदा कानूनसम्बन्धी खुला संवाद श्रृंखला - १

# खुलेर बोलौं... विभेदलाई रोकौं

## छुवाछुत विधेयकका सम्बन्धमा राष्ट्रिय दलित आयोग र उच्चायुक्तको कार्यालय-नेपालका टिप्पणीहरू

नेपाल सरकार
राष्ट्रिय दलित आयोग

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER
नेपाल

**राष्ट्रिय दलित आयोग**

**मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालद्वारा २०६७ मा प्रकाशित**

**प्रतिलिपि अधिकारः उच्चायुक्तको कार्यालय–नेपाल, नेपाल दलित आयोग – २०६७**

**मुद्रित – २०६७ (२००० प्रति)**

थप जानकारीको लागिः

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय**
सिलु बिल्डिङ, छाउनी, म्युजियम रोड
पोस्ट बक्स २४५५५, काठमाडौं
फोनः +९७७–१–४२८०१६४, फ्याक्सः +९७७–१–४६७०७१२
इमेलः registry.np@ohchr.org, ohchr-nepal.pio@ohchr.org

नेपाल सरकार
**राष्ट्रिय दलित आयोग**
पूजा प्रतिष्ठान मार्ग अगाडि
पुरानो बानेश्वर, काठमाडौं
फोनः ४४७३३१७, ४४७४३३६ फ्याक्सः ४४७५९८९
इमेलः info@ndc.gov.np
वेबसाइटः www.ndc.gov.np

मुद्रक – मास प्रिन्टिङ्ग प्रेस, पो.ब.नं. १२१७, काठमाडौं

# खुलेर बोलौं... विभेदलाई रोकौं

## छुवाछुत विधेयकका सम्बन्धमा राष्ट्रिय दलित आयोग र उच्चायुक्ताको कार्यालय–नेपालका टिप्पणीहरू

### १. परिचय

पानीको मुहान उनको जग्गामा भए पनि उनलाई त्यो प्रयोग गर्नबाट निषेध गरियो । जब उनले यो मुहानको प्रयोग गर्ने आँट गरिन् उनलाई बन्चरोले आक्रमण गरियो । *यो सबै उनी दलित भएका कारणले गरिएको थियो ।*

जातीय भेदभाव तथा छुवाछुतका अभ्यासहरू नेपालमा गैरकानुनी छन् । तर, मुलुकका धेरै भागमा हिन्दु जाति व्यवस्थाभित्र सबैभन्दा तल्लो तहमा रहेका कथित दलितहरूलाई समाजका अन्य समूहहरूले जस्तो अधिकार तथा स्वतन्त्रताहरूको उपभोग गर्न नसक्ने "अछुत"को रूपमा सम्झने तथा व्यवहार गर्ने गरिएको छ । यस्ता अभ्यासहरू गैरकानुनी भए पनि सांस्कृतिक तगाराहरू, संरचनागत गरिबी र प्रहरी तथा अन्य राज्यअधिकारीहरूले गरेको अपर्याप्त कारबाहीले पीडितलाई न्याय प्राप्त गर्नबाट वञ्चित गरेका छन् । यसबाहेक, भेदभावको मुद्दालाई उपयुक्त तरिकाले सम्बोधन गर्न तथा जातिपातिको आधारमा भेदभाव गर्नेहरूलाई सजाय दिने उपयुक्त कानूनी संरचनाको अभाव पनि यस सम्बन्धमा प्रगति हासिल गर्नमा थप अवरोध बनेको छ ।

यस यथार्थताको पृष्ठभूमिमा *जातीय भेदभाव तथा छुवाछुतको कसुर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक* (मस्यौदा विधेयक) व्यवस्थापिका–संसदमा पेस गर्नाले कानुनी संरचनालाई सुधार गर्न तथा भेदभावकारी अभ्यासहरूसँग लड्न एउटा अवसर उपलब्ध भएको छ । यस दस्तावेजले मस्यौदा विधेयकको मूल्याङ्कन गर्दै यसलाई विशेषतः सम्बद्ध अन्तर्राष्ट्रिय मापदण्डहरू तथा सर्वोत्तम अभ्यासअनुरूप कसरी सुनिश्चित गर्ने भन्ने कुरामा नीतिनिर्माता तथा अन्य व्यक्तिहरूका निम्ति विशिष्ट सिफरिसहरू प्रस्तुत गरेको छ । हालका यी कमीकमजोरीहरूलाई सम्बोधन गरेको खण्डमा प्रस्तुत कानुन मुलुकमा लामो समयदेखि विद्यमान जातीय भेदभावको मुद्दालाई सम्बोधन गर्नमा एउटा महत्त्वपूर्ण दस्तावेज बन्न सक्नेछ ।

## २. जातीय भेदभावको सन्दर्भ

जातीय भेदभाव तथा छुवाछुतका अभ्यासहरूमा दलित र अन्य समुदायहरू एवं दलितहरूकै बीचमा रहेको बाराबारको स्थिति पर्दछ। हिन्दु संस्कृतिमा पाइने परम्परागत विश्वासअनुसार दलितहरू अरूका निम्ति "अशुद्ध" मानिन्छन् र उनीहरूलाई "अछुत" भनी कलङ्कित गरिन्छ । वास्तवमा उन्नाइसौं शताब्दीमा छुवाछुतलाई संहीताकरण गरिएको थियो। यसले नेपाली समाजलाई तहगत प्रणालीमा लग्यो र त्यसको सबैभन्दा तल दलितहरू परे ।

समयसँग नसुहाउने यस कानुनलाई त्यसयता संशोधन गरे पनि यी अभ्यासहरू निरन्तर जारी छन् जसले गर्दा खासगरी कम विकसित तथा बढी दुर्गम क्षेत्रहरूमा धेरै नेपालीका मानअधिकारहरू उल्लंघन भएका छन्। सार्वजनिक धारा एवं मन्दिर, रेस्टुसेन्ट तथा अन्य सार्वजनिक स्थल जस्ता महत्त्वपूर्ण ठाउँहरूमा दलितहरूलाई जानबाट वञ्चित गरिएको छ । पेसागत रूपमा दलितहरूलाई अलग गर्नाले सडक बढार्ने, छालाको काम तथा वाध्यात्मक यौन व्यवसायलगायत परम्परागत रूपमा उनीहरूले सम्हालेका व्यवसायमा सीमित गरी रोजगारीमा उनीहरूको पहुँचलाई अवरोध पुगेको छ । यस्ता अभ्यासहरू अन्त्य गर्ने सरकारको प्रतिवद्धताका बाबजुद धेरै दलितहरू बँधुवा मजदुरको रूपमा फसेका छन्। भेदभावकारी अभ्यासहरूको विरोध गर्नेहरूले समाजबाट बहिष्कृत वा हिंसाको शिकार हुनुपर्ने खतरा छ। यस सम्बन्धमा, उच्चायुक्तको कार्यालय र राष्ट्रिय दलित आयोगले भौतिक आक्रमण, आगजनी, जबर्जस्ती विस्थापन, यौन हिंसा, श्रम शोषणका घटनाहरूको अनुगमन तथा प्रतिवेदनमार्फत् पुष्टि गरेका छन् र दलित भएकै कारणले गर्दा उनीहरूलाई चरम घाइते बनाइएको तथा अस्पतालमा भर्ना गरिएका कतिपय उदाहरणहरू छन् ।

## ३. अन्तर्राष्ट्रिय दायित्वहरू

नेपाल सरकार अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत जातीय भेदभाव तथा छुवाछुतलाई निषेध गर्ने उपायहरू गर्न बाध्य छ । गैरभेदभाव र समानता प्रमुख अन्तर्राष्ट्रिय मानवअधिकार सिद्धान्तहरू हुन् र सबै राज्यका लागि ती बाध्यकारी हुन्छन्। राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिलगायत केही अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजहरूले *"कुनै पनि प्रकारको भेदभावबिना"* आफ्नो भूभागमा रहेका सबै व्यक्तिहरूको समानता तथा गैरभेदभावप्रतिको अधिकारको नेपालले सम्मान तथा संरक्षण गर्नुपर्ने कुरा बताएका छन्।

त्यसबाहेक, सन् **१९७१** मा नेपाल पक्षराष्ट्र बनेको सबै प्रकारका जातीय भेदभावहरूको उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिअन्तर्गत, सरकार वंशमा आधारित भेदभाव – जसमा जातीय भेदभाव पनि पर्दछ – लाई एक प्रकारको रङ्गभेदको रूपमा निषेध गर्न बाध्य छ । महासन्धिले सरकारलाई सबै प्रकारका भेदभावलाई गैरकानुनी घोषणा गर्ने कानुन बनाउने; आवास, शिक्षा तथा रोजगारीमा अलग्याउने अभ्यासहरू हुन नदिने, तिनलाई निषेध तथा उन्मूलन गर्ने; र कुनै पनि स्थल तथा सर्वसाधारणको प्रयोगका लागि भनिएका सेवामा पहुँचको अधिकारलाई सुरक्षित गर्नेलगायतका उपयुक्त उपायहरू गर्न थप बाध्य बनाएको छ ।

अझ प्रस्टसँग भन्ने हो भने जातीय श्रेष्ठता वा घृणामा आधारित विचारहरू फैलाउनेलगायत जातीय भेदभावसम्बन्धी सबै कामलाई अपराधीकरण गर्न उक्त महासन्धिअन्तर्गत सरकार बाध्य छ । महासन्धिले पीडक सर्वसाधारण व्यक्ति वा राज्यअधिकारी जोसुकै भए पनि पीडितलाई न्यायिक उपचार तथा परिपूरण सुनिश्चित गर्न सरकारलाई थप बाध्य तुल्याउँछ । महत्त्वपूर्ण कुरा के भने पीडितलाई पनि पीडकका विरूद्धमा भएका फौजदारी अथवा अन्य त्यस्तैखाले कार्यविधिहरूमा कुनै पनि प्रकारको डरत्रास वा बदलाविरूद्ध पर्याप्त संरक्षणसहित सहभागी बन्न पाउने अधिकार हुनुपर्छ ।

## ४. राष्ट्रिय कानुन र विद्यमान कमीकमजोरीहरू

हालको नेपाली कानुनले अन्तर्राष्ट्रिय दायित्वलाई केही हदसम्म पूरा गरेको छ । अन्तरिम संविधानले जातिपातिका आधारमा कुनै पनि नागरिकविरूद्ध भेदभाव गरिने छैन भनी समानताको अधिकारलाई प्रत्याभूति गर्नुका साथै कुनै पनि प्रकारको छुवाछुतलाई निषेध गरी पीडकको दायित्वलाई स्थापित गर्दै पीडितलाई क्षतिपूर्तिको हकदार बनाएको छ । अन्तरिम संविधानले जातिपातिको आधारमा कुनै पनि सार्वजनिक स्थाल, वस्तु तथा सेवाहरूमा पहुँच प्राप्त गर्न वा तिनको प्रयोग गर्नबाट वञ्चित गर्ने कार्य तथा जातीय श्रेष्ठताको प्रोत्साहनलाई पनि निषेध गरेको छ । अन्तरिम संविधानका अतिरिक्त, मुलुकी ऐनले "छुवाछुतको भेदभावपूर्ण व्यवहार"लाई अपराधीकरण गर्नुका साथै "जातिपातिको आधारमा कसैलाई पनि बहिष्कार गर्न वा बन्देज लगाउन नपाइने" व्यवस्था गरी त्यस्तो कार्य गरेमा जेल सजाय र/वा जरिवानाको व्यवस्था गरेको छ ।

तर, हालको कानुन भेदभावपूर्ण अभ्यासहरूलाई वास्तविक अर्थमा रोक्न अपर्याप्त तथा अप्रभावकारी सिद्ध भएको छ। जातीय भेदभाव वा छुवाछुतको उपयुक्त परिभाषाको अभावले अभियोजनलाई कठिन बनाउँछ र त्यसो गर्नमा राज्यअधिकारीहरूको अनिच्छालाई यसले केही मात्रामा व्याख्या गर्दछ । मुलुकी ऐनको प्रावधानमा भएको अस्पष्टताले गर्दा पनि आंशिक रूपमा प्रहरी तथा अन्य सरकारी अधिकारीहरूले यस्ता कार्यलाई अपराधको रूपमा बिरलै अनुसन्धान गर्छन् बरू त्यसको सट्टा उनीहरू प्रायः अनौपचारिक "मध्यस्थता"मार्फत् फौजदारी न्याय प्रणालीभन्दा बाहिर गएर मुद्दाको किनारा लाउँछन् । यसबाहेक दण्डसजाय कसुरको गम्भीरताअनुसार छैन र मुद्दा दर्ताका लागि **३५** दिने हदम्याद अत्यन्त कम छ। महत्त्वपूर्ण कुरा के भने मुलुकी ऐनका प्रावधानहरूले संवैधानिक प्रावधानहरूको विरूद्धमा पीडितलाई कुनै पनि क्षतिपूर्ति उपलब्ध गराउँदैनन् ।

## ५. मस्यौदा विधेयकको विश्लेषण

सन् २००९ जुलाईमा *जातीय भेदभाव तथा छुवाछुतको कसुर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक* व्यवस्थापिका–संसदमा पेस गर्ने कार्यले यस समस्याको समाधानमा सरकार इच्छुक रहेको सङ्केत गर्दछ । उच्चायुक्तको कार्यालय–नेपालले यसलाई जातीय भेदभावको उन्मूलन गर्ने नेपालका अन्तर्राष्ट्रिय कानुनी दायित्वहरू पूरा गर्नेतर्फको एक पहलको रूपमा स्वागत गरेको छ। प्रस्तुत मस्यौदामा तल उल्लेख गरिएकासहित केही महत्त्वपूर्ण सबल पक्षहरू रहेका छन्ः

- सार्वजनिक स्थल तथा सेवाकेन्द्रहरूमा पहुँच, वस्तु तथा सेवाको व्यवस्था र रोजगारीलगायतका धेरै क्षेत्रमा जातीय भेदभाव तथा छुवाछुतको अभ्यासलाई दण्डित गर्ने;
- जातीय भेदभावलाई दुरूत्साहन गर्ने तथा समावेशीकरणका लागि व्यवधानहरू खडा गर्ने कार्यलाई अपराधीकरण गर्ने;
- अनुसन्धानका क्रममा प्राप्त जानकारीको गोपनीयतालाई सुनिश्चित गर्ने र जातीय भेदभावका घटनाहरूको अनुसन्धान गर्दा नागरिक समाजका सङ्गठनहरूले प्रहरीलाई सहयोग गर्न पाउने;
- भेदभावका लागि जिम्मेवार पाइएका सार्वजनिक अधिकारीहरूलाई थप सजायको व्यवस्था गर्ने;

- औषधिउपचार तथा क्षतिबराबरको थप खर्चको व्यवस्थालगायत पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन पीडकलाई लगाउने; र
- सङ्क्षिप्त कार्यविधि ऐनअन्तर्गत फौजदारी कारबाहीलाई अगाडि बढाउने ।

तर, कानुनले खोजेको प्रभाव प्राप्त गर्न विधेयकका धेरै क्षेत्रमा सुधार गर्नुपर्ने आवश्यकता छ । प्रस्तुत विधेयकलाई अझ बलियो बनाउन देहायका प्रमुख कमीकमजोरीहरूलाई सम्बोधन गरिनुपर्छः

१. *अन्तर्राष्ट्रिय कानुनी प्रतिबद्धताहरूको संहिताकरण* – विधेयकको प्रस्तावनाले अन्तर्राष्ट्रिय मानवअधिकार कानुन वा अन्तरिम संविधानमा व्यक्त सम्बद्ध अधिकारहरूअन्तर्गत सरकारका दायित्वहरूलाई पर्याप्त मात्रामा जोड दिएको छैन । प्रस्तावनाले सबै प्रकारका जातीय भेदभावको उन्मूलनसम्बन्धी महासन्धि तथा संवैधानिक प्रत्याभूतिहरूलाई प्रतिविम्बित गर्नैपर्छ ।

२. *जातीय भेदभावको परिभाष* – मस्यौदा विधेयकले "जातीय भेदभाव" र "छुवाछुत"को परिभाषा गर्न सकेको छैन । यस्तो कसुरहरूका लागि अभियोजन र सजाय सुनिश्चित गर्न "जातीय भेदभाव" र "छुवाछुत"को परिभाषा गर्नु अत्यन्त आवश्यक छ । परिभाषाले निजी वा सार्वजनिक जुनसुकै ठाउँमा भए पनि सबै प्रकारका भेदभावकारी अभ्यासहरूलाई समेट्नुपर्छ ।

३. *कसुरहरूको वर्गीकरण* – जातीय भेदभावसरह मानिने कार्यहरूलाई तिनको गम्भीरताको उल्लेख गरी पूर्णरूपमा सूचीकृत गर्नैपर्छ । मस्यौदा विधेयकले कसुरहरूको तुलनात्मक गम्भीरतासहित तिनको वर्गीकरण गर्नुपर्छ ।

४. *उजुरी दर्ता गर्ने कानुनको पालना गराउने अधिकारीहरूको कर्तव्यको वर्गीकरण* – पेस गरिएको उजुरीमाथि तत्काल कारबाही गर्न प्रहरी अधिकारीलाई बाध्य गर्ने मार्गनिर्देशन दिन मस्यौदा विधेयक विफल भएको छ । अपर्याप्त अभियोजन गर्न प्रहरीको हिच्किचाहटले योगदान पुऱ्याइरहेको वर्तमान यथार्थतालाई हेर्दा, मस्यौदामा देहायका कुरालगायत कानुनको पालना गराउने अधिकारीहरूले निर्वाह गर्ने विस्तृत भूमिका तथा जिम्मेवारीहरू उल्लेख गर्नुपर्छः

   - विधेयकअन्तर्गतका कुनै पनि कसुरहरू भएको भन्ने कुनै पनि स्रोतबाट प्रहरीलाई जानकारी भएमा फौजदारी अनुसन्धान स्वतः सुरू हुने;

- कुनै कसुर हुन लागेको, भइरहेको वा भएको भन्ने जानकारी पाउनासाथ प्रहरी सो स्थलमा तत्काल उपस्थित हुने;
- दक्ष तथा निष्पक्ष अभियोजनमा सहयोग पुऱ्याउन शीघ्र अनुसन्धान थाल्ने तथा कुनै पनि उजुरीको अभिलेख राख्ने;
- पीडितलाई निजले बुझ्नेगरी आफ्ना अधिकारहरूबारे सल्लाह दिने; र
- पीडितहरू, निजका परिवार तथा साक्षीहरूलाई संरक्षणको व्यवस्था ।

५. *उपयुक्त सजायको व्यवस्था* – मस्यौदामा भएको सजायको व्यवस्था प्रत्येक कसुरको गम्भीरताअनुसार हुन सकेको छैन । कसुर गर्न सघाएमा वा दुरूत्साहन गरेमा हुने सजायको व्यवस्था गरिएको छैन । सार्वजनिक अधिकारीहरू संलग्न भएकोमा बाहेक विधेयकअन्तर्गतका कसुरहरूको भडकावजन्य परिस्थितिको व्यवस्था गरिएको छैन । मस्यौदा विधेयकले सजाय कसुरको कठोरता, चोटपटक र/वा पीडितले भोगेको क्षतिसँग समानुपातिक हुने कुरालाई सुनिश्चित गर्नुपर्छ । यसबाहेक, जातीय भेदभावको सन्दर्भमा अन्य फौजदारी कसुरहरू गरिएका छन् भने त्यस्तो सन्दर्भलाई थप दण्डसजायसहितको भडकावजन्य परिस्थितिका रूपमा सम्झनुपर्छ ।

६. *हदम्याद बढाउने* – ९० दिने हदम्याद अन्य अपराधहरूका लागि दिइएको ३५ दिने हदम्यादभन्दा बढी भए पनि अपर्याप्त छ । कसुरहरूको गम्भीरता एवं समयमै उजुरी दायर गर्न चुनौतीहरू (कानुनी कार्यविधिबारे चेतना नहुनु, भौगोलिक दूरी तथा सबैभन्दा नजिकको प्रहरी कार्यालयमा पुग्न चाहिने खर्च) लाई विचार गर्दा, यसलाई कम्तीमा एक वर्षसम्म बढाउनुपर्छ ।

७. *सरकारका सकारात्मक दायित्वहरूको उल्लेख गर्ने* – कसुरहरूको प्रकृति र फौजदारी कानुनलाई विचार गर्दा यस विधेयकले जातीय भेदभावलाई समाधान गर्न सरकारका सकारात्मक कर्तव्यहरूलाई समावेश गर्नुपर्छ । यसमा प्रहरी तथा समुदायलाई कानुन तथा त्यसको पालना र गैरकानुनी भेदभावकारी अभ्यासहरूको प्रकृतिबारे शिक्षित तुल्याउने कुरा पर्दछन् ।

## ६. निष्कर्ष तथा सिफारिस

नेपालमा जातीय भेदभाव तथा छुवाछुतको अभ्यासको प्रचलन तथा मानअधिकारको उपभोगमा परेको असरलाई हेर्दा मस्यौदा विधेयक पेश गर्ने कार्य एक अग्रगामी सकारात्मक कदम हो। यद्यपि छलफल गरिएझैं भेदभावकारी अभ्यासहरूलाई नियन्त्रया गर्ने वास्तविक औजार हुन विधेयकलाई अझ बलियो बनाउनु आवश्यक छ। जातीय भेदभाव तथा छुवाछुतको अन्त्य गर्नमा योगदान पुऱ्याउने सुदृढ कानुन सुनिश्चित गर्न सम्बद्ध सरोकारवालाहरूलाई उच्चायुक्तको कार्यालय र राष्ट्रिय दलित आयोग देहायका सिफारिसहरू प्रस्तुत गर्दछन्ः

*व्यवस्थापिका–संसद तथा सरकारलाई*

- संविधानसभा (व्यवस्थापिका–संसदको कार्यसञ्चालन) नियमावलीमा व्यवस्था भएअनुसार विधेयकको विषयवस्तुमाथि सर्वसाधारणको धारणा लिन विधेयकमा रहेका विवरणको प्रचारप्रसार गर्ने।
- दलित समुदाय, नागरिक समाज तथा अन्य सरोकारवालहरूसँग मस्यौदा विधेयकमाथि अझ विस्तुत परामर्शको आयोजना गर्ने।
- परामर्शहरूको आलोकमा तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्वअनुरूप मस्यौदा विधेयकलाई शीघ्ररूपमा परिमार्जन तथा पारित गर्ने।

*नागरिक समाज सङ्गठनहरूलाई*

- विधेयकलाई शीघ्ररूपमा पारित गर्ने कुरालाई सुनिश्चित गर्न वकालति तथा समर्थन जुटाउने कार्यमा समन्वय गर्ने।

*अन्तर्राष्ट्रिय समुदायलाई*

- व्यापक सार्वजनिक परामर्शपछि विधेयकलाई शीघ्ररूपमा पारित गराउने सरकार तथा नागरिक समाजका प्रयासहरूमा सहयोग पुऱ्याउने।
- कानुन जारी भएपछि त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्राविधिक एवं आर्थिक सहायता प्रदान गर्ने।

*सम्पूर्ण पात्रहरूलाई*

- कानुन बनिसकेपछि अधिकारबाहक तथा कर्तव्यबाहकहरूमाझ यसका विषयवस्तुसम्बन्धी चेतना जगाउन मिलेर काम गर्ने।

## सन्दर्भ सामग्री

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (१९६६)
www2.ohchr.org/english/law/ccpr.htm

मानवअधिकार समितिः "सीसीपीआर सामान्य टिप्पणी नं. १८: गैरभेदभाव" (२०४६ कार्तिक २५)
www.unhchr.ch/tbs/doc.nsf/0/3888b0541f8501c9c12563ed004b8d0e?opendocument.

सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि [सर्ड] (१९६५)
www2.ohchr.org/English/law/cerd.htm.

जातीय भेदभाव उन्मूलन समितिः "फौजदारी न्याय प्रणालीको प्रशासन तथा कार्यमा जातीय भेदभाव रोकथामसम्बन्धी सामान्य सिफारिस नं. ३१" (२००५)
www2.ohchr.org/english/bodies/cerd/docs/GC31Rev_En.pdf.
_______ "नेपालको सम्बन्धमा जातीय भेदभाव उन्मूलनसम्बन्धी समितिका निष्कर्षहरू" (सन् २००४ मार्च)
_______ "सामान्य सिफारिस नं. २९: सहासन्धि (वंश)को धारा १, परिच्छेद १" (२००२)
www.unhchr.ch/tbs/doc.nsf/(Symbol)f0902ff29de59c1256c6a00378dIf?Opendocument

नेपालको अन्तरिम संविधान, २०६३

मुलुकी ऐन, १९१०

नेपालको सर्वोच्च अदालतः *रत्न बहादुर बाग्चन्द वि. मन्त्रिपरिषद् सचिवालय* (२०६२ बैशाख ८)

खुलेर बोलौं विभेदलाई रोकौं

मानवअधिकार दिवस २०१०